2243/444

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**
**आदेश**

**मु.नं. ६६४/२०७२/०७३**

**निर्णय नं. ४४४**

जिल्ला चितवन, खैरहनी २, बिकास पौडेल ........................................................१ } पुनरावेदक

**विरूद्ध**

कार्यकारी अधिकृत, खैरहनी नगरपालिकाको कार्यालय, चितवन ...........................१ } विपक्षी
सूचना अधिकारी, खैरहनी नगरपालिकाको कार्यालय, चितवन ................................१

**विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नू ।**

जिल्ला चितवन, खैरहनी २, बिकास पौडेलले खैरहनी नगरपालिकाको कार्यालय, चितवन समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०३।०५ मा पुनरावेदन गरेको । प्रस्तुत पुनरावेदनको सम्बन्धमा यस आयोगबाट मिति २०७३।०३।१२ मा ७ (सात) दिन भित्र पुनराबेदकलाई माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी खैरहनी नगरपालिकाको कार्यालय, चितवनको नाममा आदेश जारी भएको । आयोगको आदेश पश्चात पनि सूचना उपलब्ध नगराउने खैरहनी नगरपालिकाको कार्यालय, चितवनका कार्यकारी अधिकृत र सूचना अधिकारीलाई कानून बमोजिम कारवाही गरी माग बमोजिमको सूचना उपलब्ध गराई पाउँ भनी मिति २०७३।०८।१३ मा पुनः उजुरी गरेको । उक्त उजुरी प्राप्त भए पश्चात यस आयोगबाट मिति २०७३।०९।१९ मा पुनराबेदकलाई मिति २०७३।०३।१२ को आदेश अनुसार ३ (तीन) दिन भित्र सूचना उपलब्ध नगराए सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही गरिने व्यहोराको पुनः आदेश जारी भएको । सो आदेश सहितको पत्र सोही कार्यालयको ना. सु. बाबुराम जैसीले बुझिलिएको । तत् पश्चात खैरहनी नगरपालिका कार्यालयको कार्यालय, चितवनको च. नं. ६२७५ मिति २०७३।०९।२२ को पत्र मार्फत पुनराबेदकलाई सूचना उपलब्ध गराएकोबारे लेखी आएको । साथै, पुनराबेदकले पनि सूचना पाइसकेकोले लगतकट्टा गरिदिए हुन्छ भनी टेलिफोनमा जानकारी गराएकाले सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल माघ २८ गते रोज ६ शुभम् ।